प्रदेश सरकार
प्रदेश नं ५
भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

## प्यूठान

मितिः२०७७/०६/२०

पत्र संख्याः २०७७/०७८
च.नं. १०९

श्री नगरपालिका/गाउंपालिका सबै,

प्यूठान ।

विषयः सुचना टांस गरि प्रचार प्रसार गरिदिनुहुन ।

महोदय,

प्रस्तुत विषयमा यस कार्यालयको आ व २०७७/०७८ को स्विकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरुको प्रस्ताव सम्बन्धि सुचना प्रकाशन भएकाले ईच्छुक कृषक/फर्म/व्यवसायि/समुह/ समिति/सामुदायिक वन एवं सरोकारवाला सम्बन्धित सवैमा यो सुचना प्रकाशन गरिएकाले तहांको सुचना पाटिमा टांस गरि सम्बन्धित सवैमा सुचना प्रवाह गरिदिनुहुन अनुरोध छ ।

तपशिलः

१। आरन व्यवस्थापन सहयोग सम्बन्धि कार्यक्रम ।
२। स्ट्रबेरि खेति प्रविधि प्रदर्शन कार्यक्रम ।
३। स्थानिय तहको सहकार्यमा करार खेति कार्यक्रम ।
४। आयमुलक कृषि बन प्रवर्धन कार्यक्रम ।

डा. उत्तम आचार्य
(पशु चिकित्सक)
निमित्त कार्यालय प्रमुख

पुनश्चः कार्यक्रम सम्बन्धि कार्यबिधिहरु मन्त्रालयको वेव ठेगाना www.molmac.p5.gov.np या सम्बन्धित पालिकाको कृषि वा पशु सेवा शाखामा वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

फोन नः ०८६-४२०१८७, ४२००१४, Email: ialdopyuthan@gmail.com

प्रदेश सरकार
प्रदेश नं. ५
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
प्यूठान

पत्र संख्याः २०७७/०७८
च.नं. १०८

## आरन व्यवस्थापन कार्यक्रमको लागि प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७ / ०६ / २०**

यस कार्यालयको आ.व. २०७७/०७८ को बार्षिक कार्यक्रम अन्तर्गत **आरन व्यवस्थापनमा सहयोग कार्यक्रमका** लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा यस जिल्लाका ईच्छुक आरन उद्योग संचालन गरेका उद्योगीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन अन्तिम मिति २०७७/०७/१९ गते भित्र यस एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा तपशिलअनुसारका आवश्यक कागजातहरु संलग्न गरी प्रस्तावना आव्हान गरिएको छ । यस सम्बन्धि कार्यविधि तथा अनुसूचीको लागि भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बुटवलको वेबसाइट molmac.p5.gov.np र थप जानकारीको लागि कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ मा सम्पर्क गर्नु हुन वा यसै कार्यालयका सुचना अधिकारी डिल्लीराज पौडेल को मोबाईल नं. ९८४५१२६१०० मा सम्पर्क गर्न अनुरोध छ । साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरु उपर कुनै कार्यबाही अगाढि बढाईने छैन ।

**आवश्यक कागजात**

१. नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि ।
२. स्थानीय तहमा आरन उद्योग/व्यावसाय दर्ताको प्रमाणपत्र (करारमा लिएको जग्गा भए कानुन बमोजिम तयार भएको (करारनामा कागजको प्रमाणित प्रतिलिपि अवधि कम्तीमा १० वर्षको हुनुपर्ने )।
३. आरन उद्योग रहेको जग्गाको जग्गा धनि प्रमाण पुर्जा र जग्गा धनिको नागरिकताको प्रतिलिपि ।
४. आरन उद्योग रहेको जग्गाको गत आ.व. को कर तिरेको रसिदको प्रतिलिपि ।
५. निर्माण गरिने भौतिक पूर्वाधारको मस्यौदा/सामान्य रेखाङ्कन (इन्जिनियरिङ्ग डिजाईन पछी तयार गरिने)
६. खरिद गरिने सामग्रीहरुको स्पेसिफिकेसन सहितको अनुमानित मूल्य/दररेट ।
७. आफ्नो तर्फको लगानीको रकम जुटाउन सकिने सुनिश्चितता खुलेको कागजात ।
८. तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपि ।
९. स्थानीय तहको सिफारिस ।

डा. उत्तम आचार्य
पशु चिकित्सक
निमित्त कार्यालय प्रमुख

पुनश्चः कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा सोहि बमोजिम कायक्रम संचालन हुने छ ।

फोन नः ०८६-४२०१८७, ४२००१४, Email: ialdopyuthan@gmail.com

प्रदेश सरकार
प्रदेश नं. ५
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य
विकास निर्देशनालय

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
## प्यूठान

पत्र संख्याः २०७७/०७८
च.नं. १०५

## आयमुलक कृषि वन प्रबर्धन कार्यक्रमको लागि प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०६/२०**

चालु आ.व. २०७७/०७८ मा यस एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठानको स्वीकृत बार्षिक कार्यक्रम अनुसार आयमुलक कृषि वन प्रबर्धन कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक सामूदायिक वन उपभोक्ता समुह वा समूहका सदस्यहरुले स्थापना गरेको फार्म, कम्पनी, सहकारी, समूह, कृषक एकल वा संयुक्त रुपमा आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयमा तपशिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**मापदण्ड**

१. भौगोलिक सम्भाव्यता अनुसार स्थान विशेष फलफूल, जडिबुटी, मसलावाली, वन पैदावार, अम्रिसो डाँलेघाँस, सुगन्धित वन पैदावर लगायत आदिमा कार्यक्रमको प्रस्ताव पेश गर्न सकिने छ ।
२. प्रस्ताव पेश गर्दा जग्गा तयारी, रेखाङ्कन, खाडल तयारी, मलखाद, विरुवा खरिद तथा ढुवानी, विरुवा रोपण, सिंचाई पूर्वाधारमा खर्च गर्ने गरि लागत अनुमान तयार गर्नुपर्ने छ ।
३. अनुदानग्राहिले प्रति हेक्टर ५० हजार तथा कुल लागतको ५० प्रतिशत अनुदान प्राप्त गर्न सक्नेछन ।
४. अन्य मापदण्ड आयमूलक कृषि वन प्रवद्र्धन कार्यक्रम संचालन कार्यविधि, २०७६ बमोजिम हुनेछ ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. अनुसूची, १ अनुसारको निवेदन फाराम ।
२. अनुसूची, २ अनुसारको व्यवसायिक योजना ।
३. उपभोक्ता समुह दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, प्यान, करचुक्ता तथा लेखापरिक्षण प्रतिलिपि ।
४. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
५. सम्बन्धित कृषि विकास वा पशुपन्छी विकास शाखाको सिफारिस ।
६. प्रस्तावमा पेश गरिएको क्रियाकलापमा अनुदान नलिएको स्वघोषणा पत्र ।
७. अनुसूची ३ बमोजिमको प्रतिवद्धता पत्र ।

**पुनश्चः** कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा सोहि बमोजिम कायक्रम संचालन हुने छ । साथै अन्य थप जानकारीको लागि यस केन्द्रको सूचना पार्टि, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयको फेसबुक पेज वा कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ मा वा यस कार्यालयका सुचना अधिकारी डिल्लीराज पौडेल को मोबाईल नं. ९८४५१२६१०० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

..........................
डा. उत्तम आचार्य
पशु चिकित्सक
निमित्त कार्यालय प्रमुख

फोन नः ०८६-४२०१८७, ४२००१४, Email: ialdopyuthan@gmail.com

प्रदेश सरकार
प्रदेश नं. ५
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
## प्यूठान

प.सं.- २०७७/०७८
च.नं.- १०८

### स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रमको लागि प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०६/२०**

यस कार्यालयको को आ।व।२०७७/७८ को तपसिल बमोजिमको स्वीकृत बार्षिक कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकहरुले आवश्यक कागजातहरु सहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले ३० दिन (२०७७/०७/१९ गते) भित्र यस कार्यालयमा पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी थप जानकारी तथा आवश्यक मापदण्डका लागि भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाईट molmac.p5.gov.np वाट स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ (पहिलो संशोधन सहित) डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | अनुदानको सीमा | आवश्यक कागजातहरु | आवेदकको किसिम | विनियोजित बजेट (रुलाखमा.) |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम | न्यूनतम १ हेक्टर र अधिकतम ७ हेक्टर सम्म<br>१. जग्गा भाडा प्रति हेक्टर बढीमा रु ६० हजार<br>२. उत्पादनका लागि पूर्वाधार विकासमा प्रति हेक्टर कूल लागतको ५० देखि ८५% वा बढीमा रु. ७५ हजार | स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ (पहिलो संशोधन सहित) को अनुसूची ३ बमोजिमको निवेदन,<br>अनुसूची २ बमोजिमका कागजातहरु,<br>अनुसूची ४ बमोजिमको प्रस्ताव,<br>अनुसूची ८ बमोजिमको स्थानीय तहको सिफारिश | कृषक / कृषक समूह / सहकारी / फार्म | ८.०० |

**आवश्यक कागजातहरु:**

१. अनुसूची-३ अनुसारको निवेदन
२. अनूसूची-४ अनुसारको आयोजनाको प्रस्ताव
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. जग्गा धनी र भाडामा लिने कृषक वा कृषक समूह वा फार्म बीचको सम्बन्धित स्थानीय तहको रोहबरमा सम्झौता गरिएको प्रतिलिपि
५. करार खेतीगर्ने कृषक वा कृषक समूवा वा फार्मले १ वर्षे वा सो भन्दा कम अवधिको बाली लगाउने भए कम्तिमा ५ वर्षको र बहुवर्षीय खेतीका लागि कम्तिमा १५ वर्षको करारनामा भएको हुनुपर्नेछ ।
६. करार खेती कृषि उत्पादका लागि गुठी, निजी, सरकारी, सर्वाजनिक वा संस्थाको जमिन भाडामा लिन सकिनेछ ।
७. जग्गा धनीको जग्गा धनी प्रमाण पत्रको प्रतिलिपी ।
८. खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले सम्झौता अवधिभर खेती गर्ने प्रतिवद्धता पत्र ।
९. भूमिहिन वा गरीब कृषकको हकमा सम्बन्धित वडा कार्यालयको गरीव किसानको सिफारिश पत्र । (पहाडमा ३ रोपनी वा तराईमा ५ कठ्ठा भन्दा कम जग्गा भएको वा परिवारका सदस्य मध्ये कोही पनि सरकारी सेवामा नरहेको वा अन्य व्यवसायबाट मासिक १० हजार भन्दा कम आयआर्जन भएको वा गरीव घरधूरी सर्भेक्षणको परिचय पत्रवाहक) ।
१०. अनूसूची-८ अनुसारको स्थानीय तहको सिफारिश पत्र ।

__पुनश्चः__ कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा सोहि बमोजिम कायक्रम संचालन हुने छ । थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०८६-४२०१८७ मा वा यस कार्यालयका सुचना अधिकारी डिल्लीराज पौडेल को मोबाईल नं. ९८४५१२६१०० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

डा. उत्तम आचार्य
पशु चिकित्सक
निमित्त कार्यालय प्रमुख

फोन नः ०८६-४२०१८७, ४२००१४, Email: ialdopyuthan@gmail.com

प्रदेश सरकार
प्रदेश नं. ५
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

प्यूठान

पत्र संख्याः २०७७/०७८
च.नं. १०६

**स्ट्रबेरी खेती प्रविधि प्रदर्शन कार्यक्रमको लागि प्रस्ताव आव्हान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७७ / ०६ /२०**

यस कार्यालयको आ.व. २०७७/०७८ को बार्षिक कार्यक्रम अन्तर्गत **स्ट्रबेरी खेती प्रविधि प्रदर्शन** संचालन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक कृषक समुह / समिति / सहकारी र फर्महरुले दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा तपशिल अनुसारका आवश्यक कागजातहरु संलग्न गरी प्रस्तावना आव्हान गरिएको छ । थप जानकारीको लागि कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ मा वा यस कार्यालयका सुचना अधिकारी डिल्लीराज पौडेल को मोबाईल नं. ९८४५१२६१०० मा सम्पर्क गर्नु हुन अनुरोध छ । साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरु उपर कुनै कारबाही बगाडि बढाईने छैन ।

**मापदण्डहरु**

१. समुन्द्रीसतह देखि कम्तिमा १००० मिटर माथिको उचाई भएको जग्गा जमिन हुनुपर्ने।
२. सिंचाईको व्यवस्था भएको हुनुपर्ने।
३. माटोको किसिममा बलौटे दुमट भएको जग्गा हुनुपर्ने ।
४. एक जना कृषकले कम्तिमा १ रोपनी जग्गा जमिन विरुवा रोपणका लागि, तयारी गर्नुपर्ने
५. जग्गा छनोटको प्राविधिक सिफारिस ।
६. स्ट्रोवरिको प्रजाति उपयुक्त हुने गरि छनौट गर्नुपर्ने तथा सरकारी दररेट अनुसार खरिद गर्नुपर्नेछ ।

**आवश्यक कागजात**

१. नेपाली नागरिकताको प्रमाणपत्र को छाँयाकपि
२. स्ट्रबेरी खेतीको लागी जग्गाको जग्गा धनि प्रमाण पुर्जा रजग्गा लिज मा लिएको भए कम्तिमा ५ बर्षको सम्झौता करारनामा सम्झौता र जग्गा धनिको नागरिकता प्रमाणपत्र को प्रतिलिपि
३. स्थानीय तहको सिफारिस
४. प्रतिबद्धता पत्र
५ प्रस्तावना फाराम ।

डा. उत्तम आचार्य
पशु चिकित्सक
**निमित्त कार्यालय प्रमुख**